"हरित नगर, समृद्ध दमक"

# दमक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दमक-झापा
१ नं. प्रदेश, नेपाल

☎ : ०२३-५८००४४, ५८०१३७
५८०५०२, ५८१०५३
फ्याक्स नं.: ०२३-५८०१४६
www.damakmun.gov.np
info@damakmun.gov.np

प.सं.
च.नं.

मिति :-२०७९।२।३१

सूचना ! सूचना !! सूचना !!!

दमक नगरपालिकाको मिति २०७९/०२/३१ को निर्णय अनुसार यही मिति २०७९ साल असार २ गते बिहीबारका दिन धिमाल जातिको सिरिजात/जातिरि पर्व परेको हुदा यस दमक नगरपालिकामा उक्त १(एक) दिन दमक नगरपालिका, नगरपालिका अन्तर्गतका वडा कार्यालयहरु तथा मातहतका शैक्षिक संस्थाहरु लगायत सबै कार्यालयहरुमा **स्थानीय बिदा** दिइएको ब्यहोरा सर्बसाधारण सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

२।२९

...राज निरौला
...प्रशासकीय अधिकृत

स.क.प. आवद्ध : २०८७

जि.प्र.का. द.नं. १४६

# धिमाल जातीय विकास केन्द्र, केन्द्रीय समिति

# Dhimal Ethnic Development Center, Central Committee

## केन्द्रीय समितिको कार्यालय

उर्लाबारी-३, मंगलबारे, मोरङ

स्था: २०४७

प.सं. २१०
च.नं. २०७८/०७९

मितिः........................

मितिः २०७९/०२/२५

श्री नगर प्रमुख ज्यु

दमक नगरपालिका

दमक, झापा

विषयः सार्वजनिक बिदा दिने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा धिमाल जातिको राष्ट्रिय पर्व सिरिजात/जातिरि हरेक वर्ष बैशाख २ गते धिमालहरुको उद्‌गम स्थल लेटाङ स्थित राजारानी देखि सुरुवात भई आ-आफनो गाउँ टोलहरुमा प्रकृतीको पुजा आजा गरि प्राकृतिक प्रकोप नहोस्, बालि नालि सप्रियोस्, महामारी नफैलियोस्, भन्ने कामनाका गर्दै असार २ गते धिमाल परियोजना स्थल, उर्लाबारी ३, मंगलबारेमा समापन हुँदै आएको छ । सो असार २ गते प्रदेश नं. १ स्तरिय सार्वजनिक बिदाका लागि प्रदेश सरकार सँग पहल भइरहेता पनि निर्णय हुन सकेको छैन् । यस परिप्रेक्ष्यमा धिमाल समुदायको बाहुल्य रहेको स्थानिय सरकार नगरपालिका तथा गाउँपालिकाहरुले सो दिन सार्वजनिक बिदा गरि सहयोग गर्दै आउनु भएकोमा यस वर्ष पनि असार २ गते बिहिबारका दिन **सार्वजनिक बिदा** गरि सहयोग गरिदिनु हुन हार्दिक अनुरोध गरिन्छ ।

दर्ता नं. ११६३० 
मिति: २०७९/०२/२६

सहयोग र सद्‌भावका लागि धन्यवाद ।

.....................
महासचिव
मातृका धिमाल
महासचिव

.....................
अध्यक्ष
लोकबहादुर धिमाल
अध्यक्ष